गाउँ बारेकोट गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
लिम्सा, जाजरकोट
कर्णाली प्रदेश, नेपाल
२०७३

# बरेकोट गाउँपालिकाको

## भू-उपयोग क्षेत्र वर्गीकरण सम्बन्धी मापदण्ड तथा आधारहरू, २०८२

प्रस्तावनाः

भू-उपयोग ऐन, २०७६ तथा भू-उपयोग नियमावली, २०७९ को मापदण्ड तथा आधारहरुका अतिरिक्त देहाय अनुसार यस बारेकोट गाउँपालिकाको क्षेत्र अधिकार भित्रको जग्गालाई भू-उपयोग क्षेत्र वर्गीकरण गर्ने प्रयोजनको लागि भू-उपयोग ऐन, २०७६ को दफा (५) को उपदफा (४) बमोजिम भू-उपयोग क्षेत्र नक्सालाई अध्यावधिक गर्न यो मापदण्ड र आधार जारी गरिएको छ ।

१. संक्षिप्त नाम र प्रारम्भः-

(क)यस मापदण्डको नाम " बारेकोट गाउँपालिकाको भू-उपयोग क्षेत्र वर्गीकरण सम्बन्धी मापदण्ड तथा आधारहरू ,२०८२" रहेको छ ।

(ख)यो मापदण्ड बारेकोट गाउँपालिका गाउँ कार्यपालिकाले स्वीकृत भएको मिति बाट बारेकोट गाउँपालिकाको क्षेत्र भित्र लागु हुनेछ ।

२. परिभाषाः-

विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस मापदण्डमा

(क)"ऐन" भन्नाले भूउपयोग ऐन, २०७६ लाई सम्झनुपर्दछ ।

(ख)“नियमावली" भन्नाले भूउपयोग नियमावली, २०७९ लाई सम्झनुपर्दछ ।

(ग)“गाउँपालिका” भन्नाले बारेकोट गाउँपालिकालाई सम्झनुपर्दछ ।

(घ)“कार्यपालिका" भन्नाले बारेकोट गाउँ कार्यपालिकालाई सम्झनुपर्दछ ।

(ङ)“भू-उपयोग” भन्नाले भूमिको उपयोग सम्झनु पर्छ ।

(च)“भू-उपयोग क्षेत्र" भन्नाले ऐनको दफा ४ बमोजिम वर्गीकरण गरिएको क्षेत्र सम्झनु पर्छ ।

(छ)“भू-उपयोग क्षेत्र नक्सा" भन्नाले ऐनको दफा ५ बमोजिम तयार गरिएको भू-उपयोग क्षेत्र नक्सा सम्झनु पर्छ ।

(ज)“भू-उपयोग योजना" भन्नाले भू-उपयोगलाई व्यवस्थित गर्न दफा ६ बमोजिम तयार गरिएको योजना सम्झनु पर्छ ।

(झ )“भूमि भन्नाले" पृथ्वीको सतह, सतहभन्दा सिधा तल पथ्वीको केन्द्र सम्म र सतह भन्दा माथि पृथ्वीको गुरुत्वाकर्षणले भेट्ने सीमा सम्मको भाग सम्झनु पर्छ ।

मोहन प्रकाश गिरी
प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner

(ञ)"आवासीय क्षेत्र" भन्नाले मानवीय बसोबासस्थानको लागि प्रयोग भएको घर,जग्गा तथा घरसँग जोडिएको वा नजोडिएको गोठ, भकारी, ग्यारेज, तवेला, इनार, फलफूल बगैंचा, करेसाबारी, आँगन वा त्यस्तै अरु कुनै काममा प्रयोग गरिएको जग्गा सम्झनु पर्छ र सो शब्दले बसोबासको लागि प्रचलित कानून बमोजिम तोकिएको कुनै क्षेत्रलाई समेत जनाउँदछ ।

(ट)"औद्योगिक क्षेत्र" भन्नाले कुनै पनि कार्यस्थल वा वस्तु उत्पादन गर्ने उद्योग तथा सो सञ्चालन गर्ने प्रयोजनको लागि निर्माण गरिएका भवन, घर, टहराले चर्चेको जग्गा लगायत सो प्रयोजनको लागि छुट्याइएका जग्गा सम्झनु पर्छ र सो शब्दले कुनै निश्चित भौगोलिक क्षेत्रमा उद्योग प्रवर्द्धन गर्ने उद्देश्यले प्रचलित कानून बमोजिम तोकिएको विशेष आर्थिक क्षेत्रलाई समेत जनाउँदछ ।

(ठ) "कृषि क्षेत्र" भन्नाले कृषि बाली उत्पादन,पशु/पन्छी पालन,फार्महाउस, मत्स्यपालन, माहुरीपालन, रेशम खेती लगायत कृषिजन्य उत्पादन, वागवानी वा वनवाटिका, जडिबुटी र कृषि वनको लागि प्रयोग भएको वा हुन सक्ने जग्गा सम्झनु पर्छ ।

(ड) "खानी तथा खनिज क्षेत्र" भन्नाले प्रचलित कानून बमोजिम खानी तथा खनिज पदार्थको उत्खनन, उत्पादन, शुद्धीकरण, प्रशोधन, सञ्चय गर्ने प्रयोजनको लागि छुट्याइएको क्षेत्र सम्झनु पर्छ

(ढ ) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले ऐन अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ ।

३. भू-उपयोग मापदण्ड निर्धारणका आधारहरुः-

(क)विध्यमान भू-उपयोगको अवस्था,

(ख)नापी विभागले पठाएको भू-उपयोग क्षेत्र वर्गीकरणको तथ्याङ्क,

(ग) सडक,बाटोको पहुच र सो को वर्गीकरण,

(घ) कृषि उत्पादन र उत्पादकत्वको अवस्था,

(ङ) वातावरण तथा विपद संवेदनशीलता,

(च) भू-उपयोग ऐन २०७६,

(छ) भू-उपयोग नियमावली २०७९,

(ज) सामाजिक तथा आर्थिक पूर्वधारको वितरण,

(झ) सहरी विकास योजना/आयोजना,

(ञ) Google Satellite Images,

(ट) GIS Analysis,

मोहन प्रकाश गिरी
प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner

(ठ) वडाबाट आएको राय-सुझाव र निर्णयहरु,

(ड) विभिन्न क्षेत्रका विज्ञहरुको र सर्वदलीय, सर्वपक्षीय भेलाबाट प्राप्त राय सुझाव ।

४. भू-उपयोग क्षेत्र वर्गीकरण सम्बन्धी मापदण्डहरुः-

१) हाल उपयोगमा रहेको जग्गालाई यस मापदण्डमा उल्लेख भएकोमा बाहेक नापी विभागबाट हस्तान्तरण भएको वर्गीकृत भू-उपयोग क्षेत्र बमोजिम नै वर्गीकरण गर्ने।

२) जोखिम लगाएत अन्य संवेदनशील तथा मध्यवर्ती क्षेत्रको जग्गालाई नापी विभागबाट वर्गीकृत क्षेत्रमा वर्गीकरण गर्ने ।

३) हाल उपयोगमा रहेका मठ, मन्दिर, मस्जिद, गुम्बा, चर्च लगायत धार्मिक क्षेत्रले चर्चेको जग्गा, परापुर्वकाल देखिका ऐतिहासिक धरोहर, सांस्कृतिक तथा पुरातात्विक महत्वका क्षेत्रहरुलाई धार्मिक, सांस्कृतिक तथा पुरातात्विक क्षेत्रमा वर्गीकरण गर्ने । व्यक्तिगत जग्गामा बनेको मन्दिरलाई नक्सामा मन्दिर भएको अंकित गर्ने तर वर्गीकरण यथावत राख्ने ।

४) भूउपयोग क्षेत्र नक्शामा सार्वजनिक तथा सामुदायिक जनाइएको भूमिलाई सार्वजनिक क्षेत्रमा नै वर्गीकरण गर्ने भूउपयोग क्षेत्र नक्शामा सार्वजनिक भनी प्रष्ट नभएको तर सार्वजनिक प्रयोजनमा (जस्तैः पार्क, खेलमैदान, समाधीस्थल, फोहोर व्यवस्थापन स्थल, चौतारो, पाटी, सरकारी, सार्वजनिक, सामुदायीक विद्यालय आदी) रहेको जग्गालाई सार्वजनिक भूमिको रुपमा वर्गीकरण गर्ने ।

५) पालिकाको क्षेत्र भित्र रहेका नदि नाला, नहर, निजि बाहेकका ताल पोखरी र सिमसार लगायतका पानीजन्य क्षेत्रलाई नदि, खोला, ताल, सिमसार क्षेत्रमा वर्गीकरण गर्ने पहिले नदी बगेको र हाल नवी उकास भई बगर बनेको क्षेत्र समेत ।

६) हाल कायम सबै किसिमका वन पैदावर क्षेत्र (निजि जग्गामा रहेको बन बाहेक) लाई वन क्षेत्रमा वर्गीकरण गर्ने।

(७) हाल जमिनको सतहमा रहेका (ढुङ्गा, गिट्टी, बालुवा) वा जमिन मुनी रहेका (सुन, चाँदी, फलाम, तामा, जस्ता, पेट्रोलियम ग्यास आदी) हाल उत्खनन भइरहेको यस अघि उत्खनन भएको वा फेला परेको क्षेत्रलाई खानी तथा खनिज क्षेत्रमा वर्गीकरण गर्ने ।

मोहन प्रकाश गिरी
प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner

८) नेपाल सरकार, प्रदेश सरकार र स्थानीय सरकारले औद्योगिक प्रयोजनको लागि छुटयाएको भूमिलाई ( औद्योगिक क्षेत्र, विशेष आर्थीक क्षेत्र (SEZ), औद्योगिक ग्राम लगायत) औद्योगिक क्षेत्रमा वर्गीकरण गर्ने । पालिका स्तरवाट औद्योगिक क्षेत्र छुटयाउन आवश्यक भए क्षेत्र तोकी औद्योगिक क्षेत्रमा वर्गीकरण गर्ने । कुनै वस्तु, पदार्थ (जस्तैः कपडा, औजार, यन्त्र, सजावटका सामान), खाद्यान्न वा पेय पदार्थ (तेल पेल्ने, कुटानी, पिसानी सम्वन्धी मिल), वा निर्माण सामाग्री ( ईटा, ब्लक, ह्युमपाइप, फर्निचर ) उत्पादन वा प्रशोधन गर्ने स्थललाई औद्योगिक क्षेत्रमा वर्गीकरण गर्ने उद्योग संचालन र रेखदेख गर्न निर्मित भवन वा टहरा र उध्योगजन्य फोहोरको व्यवस्थापन स्थल समेतलाई औद्योगिक क्षेत्रमा वर्गीकरण गर्ने।

९) पर्यटकीय क्षेत्र, व्यापारिक, व्यवसायीक वा मनोरन्जनस्थल रहेको क्षेत्र, वस्तु वा सेवा खरिद विक्री हुने स्थल रहेको घर जग्गा रहेको क्षेत्र, निजी क्षेत्रद्वारा संचालित शिक्षा, स्वास्थ्य वा संचार सेवा उपलब्ध गराउने स्थल रहेको क्षेत्र (सरकारी वा सार्वजनिक सेवा प्रदान गर्ने कार्यालयहरु समेत) लाई व्यवसायीक क्षेत्रमा वर्गीकरण गर्ने ।

१०) आवासीय प्रयोजनका लागी बनाइएका घर टहराले चर्चेको जग्गा (आँगन, करेसा र बगैंचा समेत)। वसोवासका लागी आवश्यक भौतिक पूर्वाधार उपलब्ध भएको तोकिएको क्षेत्र र हाल आवासको लागि प्रयोग गरिएको क्षेत्र लाई आवासीय क्षेत्रमा नै बर्गीकरण गरिने छ ।

११) आवासीय र व्यावसायीक क्षेत्र बर्गीकरण गरि बाँकी रहेको जग्गा हरुलाई कृषी क्षेत्रमा वर्गीकरण गर्ने ।

१२) जग्गाको मूल्य निर्धारण गर्दा कृषि क्षेत्रलाई विशेष प्राथमिकता दिईने छ साथै कृषि तथा पशुजन्य उत्पादन क्षेत्रमा बारेकोट गाउँपालिकाबाट दिईने सेवा सुविधाको दायरा बढाईने छ ।

१३) बारेकोट गाउँपालिका भित्र रहेका सम्पुर्ण सडकको चौडाई ६ मिटर रहेको छ र सडक बाट बर्गीकरण गर्दा सडकको अन्तिम किनार बाटको दुरी राखिने छ । गोरेटो बाटोको चौडाई २ मिटर रहने छ ।

१४) यस गाउँपालिका भित्र रहेका सम्पुर्ण हिमालहरुलाई सरकारी तथा सर्वजानिक क्षेत्रमा बर्गीकरण गर्ने ।

१५) नलगाड हाईड्रोपावर डुवान क्षेत्र सम्पुर्ण जग्गाहरुलाई नदि,खोला,ताल,सिमसार क्षेत्रमा बर्गीकरण

मोहन प्रकाश गिरी
प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner

गर्ने ।

१६) कुनै निजि कित्ता तोकिएको मापदण्ड बमोजिम वर्गीकरण गर्दा कुनै क्षेत्र भन्दा थोरै सानो/ठुलो भइ सो जगगालाई सदुपयोग गर्न नसकिने भएमा जुन क्षेत्रमा वर्गीकरण गर्दा सदुपयोग गर्न सकिन्छ सोहि बमोजिमको क्षेत्रमा वर्गीकरण गर्ने।

१७) कुनै कित्ता बर्गीकरण गर्दा दुई वा दुई भन्दा वढी क्षेत्रमा परेमा त्यस्तो कित्ताको जति क्षेत्रफल जुन क्षेत्रमा वर्गीकरणमा पर्ने हो सोहि वमोजिम वर्गीकरणमा समावेश गरी भू उपयोग क्षेत्र नक्सा अद्यावधिक गर्ने।

१८) माथि उल्लेखित भए बमोजिमका अलावा बारेकोट गाउँपालिकामा रहेका तपसिल वमोजिमका क्षेत्रहरु लाई देहाए बमोजिम क्षेत्रमा वर्गीकरण गर्ने ।

## वडा नं:१

(१) कृषि क्षेत्रः-

- आवासीय र ब्यावसायीक क्षेत्र बाहेक बाँकी सबै जग्गा लाई कृषि क्षेत्रमा बर्गीकरण गर्ने ।

(२)आवासीय क्षेत्रः-

- भरत सिंहको घर देखि बल बहादुर कामीको घर सम्म दायाँ बायाँ १०० मिटर
- भद्र बहादर बोहराको घर देखि धनविर नेपालको घर सम्म दायाँ १०० मिटर, बायाँ ५० मिटर
- दल बहादुर नेपालीको घर देखि दलजित कामीको घर सम्म दायाँ बायाँ ५० मिटर
- रातामाटा देखि लाल बहादुर बुढाको टहरा सम्म दायाँ बायाँ ३५ मिटर
- दलजित बस्नेतको घर देखि दिपक बोहराको घर सम्म दायाँ बायाँ ५० मिटर
- दिपक बोहराको घर देखि धौलाकोट विद्यालय सम्म दायाँ ५० मिटर र बायाँ १०० मिटर
- पावर हाउस देखि विर्ख वहादुरको घर सम्म दायाँ बायाँ ५० मिटर
- सुन्तलि पुनको घर देखि पावर हाउस सम्म बायाँ ५० मिटर र दायाँ १५० मिटर
- सिमा घाट देखि कुला बाध सम्म दायाँ ५० मिटर बायाँ १२५ मिटर
- थामा देखि सिमा घाटसम्म दायाँ बायाँ २५ मिटर
- ठाँटि देखि निलो कामिको घरसम्म दायाँ बायाँ २५ मिटर
- बल बहादुर बुढाको घट्ट देखि फर्वेटंकिको मोड सम्म दायाँ ४० बायाँ ३० मिटर

मोहन्त प्रकाश गिरी
प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner

- देव बहादुर बुढाको घर देखि राजुको घर सम्म दायाँ बायाँ ३५ मिटर
- हरि पुनको घर देखि रामिडाँडा चौर सम्म दायाँ ३० मिटर
- द्धारीका बुढाको घर देखि हरि पुनको घर सम्म दायाँ ३० मिटर, बायाँ ६० मिटर
- नौला थान देखि धन बहादुर बुढाको घर सम्म दायाँ ४० मिटर, बायाँ ८० मिटर
- काउली जाने मोड देखि पिङ्ग लागाउने सम्म दायाँ ६० मिटर, बायाँ ६० मिटर
- काउली जाने बाटो देखि दिप बहादुर बोहराको घर सम्म दायाँ ३० मिटर
- टक बहादुर बस्नेतको घर देखि देउली बजार सम्म दायाँ ८० मिटर
- टक बहादुर बस्नेतको घर देखि बायाली धारा सम्म दायाँ १३० मिटर, बायाँ १४० मिटर
- छना रुमट्टा देखि खोला सम्म दायाँ १३० मिटर, बायाँ १५० मिटर
- मौरीघार देखि छना रुमट्टा सम्म बायाँ २०० मिटर, दायाँ ६० मिटर
- विष्णुराज ज्योतिको गोठ देखि रातामाटा सम्म दायाँ २५ मिटर, बायाँ २५ मिटर
- माथि उल्लेखित मापदण्डमा नपरेका हाल आवासको रुपमा प्रयोग भएका क्षेत्रलाई आवासीय क्षेत्रमा नै बर्गीकरण गर्ने ।

(३) व्यावसायीक क्षेत्रः- छैन ।

(४) औद्योगिक क्षेत्रः- छैन ।

(५) खानी तथा खनिज क्षेत्रः-

- थर्पु फालाम खानी, धाउ खानी

(६)वन क्षेत्रः-

- वडा नं.१ भित्र पर्ने सम्पुर्ण सरकारी तथा सामुदायीक वन क्षेत्रहरुलाई बन क्षेत्रमा बर्गीकरण गर्ने।

(७) नदी,खोला,ताल,सिमसार क्षेत्रः-

- छेडा खोला,नार्था खोला,कोटली खोला,वाहुन खोला,कैलाश खोला,भानघाट खोला ।

(८)सार्वजनिक उपयोगको क्षेत्रः-

- श्री विद्या देवी प्रा.वि. धौलाकोट,रामिडाँडा चौर,कालिका आदर्श मा.वि.रामिदाँडा,रामिडाँडा स्वास्थ्य चौकी,भगवती आधारभूत स्कूल बयाला,हिमालय आ.वि.सिर्पाचौर,ईलाका प्रहरी कार्यालय वारेकोट, कालिका आदर्श बाल विकास केन्द्र तलि आगरले चर्चेका जग्गाहरु।

मोहन प्रकाश गिरी
प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner

(९)सांस्कृतिक तथा पुरातात्विक महत्वको क्षेत्रः-

- भगवती मन्दिर,नौला थान, ।

(१०) नेपाल सरकार बाट आवश्यकता अनुसार तोकिएको क्षेत्रः- छैन ।

## वडा नंः२

(१) कृषि क्षेत्रः-

- आवासीय र ब्यावसायीक क्षेत्र बाहेक बाँकी सबै जग्गा लाई कृषि क्षेत्रमा वर्गीकरण गर्ने ।

(२)आवासीय क्षेत्रः-

- डाँडा देखि माथिल्लो लिम्सा सम्म दायाँ बायाँ ५० मिटर
- माथिल्लो लिम्सा देखि खाल सम्म दायाँ बायाँ ४० मिटर
- मान सिंह घर देखि धन बहादुरको घर दायाँ बायाँ २० मिटर
- रेड क्रस देखि कुजे खोला सम्म दायाँ बायाँ ३० मिटर
- कृषि अफिस देखि जोगी ढुङ्गा सम्म बायाँ ५० मिटर
- गुनु पोल्ने ओरारा देखि विक्रमको जग्गा सम्म बायाँ ४० मिटर
- काल्चे देखि घट्टे खोला मोड सम्म दायाँ बायाँ १५ मिटर
- घट्टे खोला मोड देखि कोटी खोला सम्म दायाँ बायाँ २५ मिटर
- कोटे खोला देखि ध्वा मुनि दायाँ बायाँ २५ मिटर
- गोरुङ खोला देखि तेल पोखेको सडक दायाँ बायाँ २५ मिटर
- अयर्ना जाने मोड देखि पूल चौरी सम्म दायाँ १५ मिटर, बायाँ २५ मिटर
- गोरुङ खोला धारा देखि गोरुङ खोला सम्म बायाँ ३० मिटर, दायाँ १५ मिटर
- सिलिङी देखि कोटि खोला सम्म बायाँ १० मिटर, वायाँ २५ मिटर
- कोटि खोला देखि सुवाकोटी सम्म दायाँ २० मिटर
- चौर देखि जनज्योति आ.वि सम्म दायाँ बायाँ २० मिटर
- कुजे खोला देखि गोठा डाँडा सम्म बायाँ ३० मिटर
- गोठाडाँडा देखि पानी खोला सम्म दायाँ बायाँ ३० मिटर
- पानी खोला देखि गोरुङ खोला मोडसम्म दायाँ बायाँ २० मिटर

मोहन प्रकाश गिरी
प्रमुख प्रशासकीय अधिकृत

- स्यानी खोला देखि पुल सम्म दायाँ बायाँ ४० मिटर
- कुजे खोला देखि पानी खोला सम्म दायाँ बायाँ ४० मिटर
- पानी खोला देखि दुधिली सम्म दायाँ बायाँ १०० मिटर
- पिपल डाँडा देखि स्यानी खोला सम्म दायाँ बायाँ २५ मिटर व्यावसायिक क्षेत्र भन्दा पछि ७५ मिटर सम्म
- स्यानी खोला देखि अनी खोला सम्म दायाँ बायाँ २५ मिटर व्यावसायिक क्षेत्र भन्दा पछि ७५ मिटर सम्म
- कुनाउटा देखि बाटामुनी सम्म दायाँ बायाँ ४० मिटर
- बाटा मुनी देखि आपढुङ्गी सम्म दायाँ बायाँ ३० मिटर
- हस्तविर नेपालीको घर देखि तोरिचौर सम्म दायाँ बायाँ २० मिटर
- सिगुल्टे खोला देखि वन सम्म बायाँ २० मिटर
- चौर देखि पैया रुखति सम्म दायाँ बायाँ २० मिटर
- माथि उल्लेखित मापदण्डमा नपरेका हाल आवासको रुपमा प्रयोग भएका क्षेत्रलाई आवासीय क्षेत्रमा नै बर्गीकरण गर्ने ।

- (३)व्यावसायिक क्षेत्रः-
  - स्कुलको जग्गा देखि ठाटि  चौर दायाँ ४० बायाँ २५ मिटर
  - डाँडा देखि नाउला  सम्म दायाँ बायाँ ४० मिटर
  - नाउला देखि कुजेखोला सम्म दायाँ बायाँ ४० मिटर
  - माइको थान देखि भैसी खाने दायाँ ४० मिटर, बायाँ ३० मिटर
  - भैसी खाने देखि सुग्री खोला सम्म दायाँ बायाँ ४० मिटर
  - ठाटि चौर देखि प्रेम चोक सम्म दायाँ ३५ मिटर
  - पिपल डाडा देखि स्यानी खोला सम्म दायाँ बायाँ २५ मि
  - स्यानी खोला देखि अनी खोला सम्म दायाँ बायाँ २५ मि
  - लिम्सा कुटानी पीसानी पानी मिल चर्चेको जग्गा

(४)औद्योगिक क्षेत्रः-छैन

(५)खानी तथा खनिज क्षेत्रः-

- काइनेट खानी,नुन खानी,तामा खानी लिम्सा,तामा खानी रोकायागाउँ, खरी खानी सेरी ।

मोहन प्रकाश गिरी
प्रमुख प्रशासकीय अधिकृत

(६)वन क्षेत्रः-

- वडा नं.२ भित्र पर्ने सम्पुर्ण सरकारी तथा सामुदायीक वन क्षेत्रहरुलाई वन क्षेत्रमा बर्गीकरण गर्ने ।

(७) नदी,खोला,ताल,सिमसार क्षेत्रः-

- नलगाड खोला,छेडा खोला,कुजे खोला,गोरुङ्ग खोला,स्यानी खोला,अनी खोला,कोटी खोला ।

(८)सार्वजनिक उपयोगको क्षेत्रः-

- सुगुरखाला रङ्गशाला,नेरा प्रा.वि सेरी,हिम ज्योति प्रा.वि ध्यारगाउँ,लालिगुँरास प्रा.वि अयर्ना,जनता आधारभूत विद्यालय रोकायगाउँ,जनज्योति आ.वि भैसिमार्ने, विरेन्द्र उच्च मा.वि लिम्सा,आधारभूत अस्पताल लिम्सा,पशुपन्छी शाखा,ग्वालसीन चौरले र समाधी स्थलले चर्चेका जग्गाहरु ।

(९)सांस्कृतिक तथा पुरातात्विक महत्वको क्षेत्रः-

- नौलो ब्रहा देवता थान,महादेव मन्दिर,सुवाकोटी पिन लेखि मन्दिर,भङ्गाल मन्दिर,समाझि मन्दिर शेरी, मष्टा देबता थान झारमौरी,लाम्काने ब्रहा मन्दिर,समाजी मन्दिर चौर,भयर थान मन्दिर,बल्लेजुरी बरहा देवता,सुगर लाकुरी ब्रहा मन्दिर मुग्रेगाउँ,मस्ट महादेव,मुठो भयार थान,कालधारे मन्दिर,पिर्ता थान,भयारको थान,सुके लाकुरी,कुजे खोला,भयारमंदिर लिम्सा,देउति बज्यै माईकी थान लिम्साले चर्चेको जग्गाहरु ।

(१०) नेपाल सरकार बाट आवश्यकता अनुसार तोकिएको क्षेत्रः- छैन ।

## वडा नंः३

(१) कृषि क्षेत्रः-

- आवासीय र ब्यावसायीक क्षेत्र बाहेक बाँकी सबै जग्गा लाई कृषि क्षेत्रमा बर्गीकरण गर्ने ।

(२)आवासीय क्षेत्रः-

- देउमारा खोला देखि बान ढुंगा सम्म दायाँ बायाँ २५ मिटर
- बान ढुङ्गा देखि डाँडा माथि सम्म दायाँ ४० मि र बायाँ ५० मि

मोहन प्रकाश गिरी
प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner

- डाँडा माथि देखि खोल्सा सम्म दाँया २० मि बायाँ ४० मि
- डाँडा माथि देखि खला डाँडा जाने बाटोको दाँया ५० मि र बाँया १५ मि
- नाउला गैरी देखी पिनलेन सम्म दाँया वायाँ ४० मि
- गैरी देखी मौरिटि सम्म दायाँ ५० मि वायाँ ४० मि
- गोलई खोरिया देखि प्राङ्ग्रे खोरिया सम्म दाँया वायाँ ३० मि
- धन खोला देखि गैरी सम्म दायाँ बायाँ ३० मि
- साउने ओखर देखि तार्के चौरको खोला सम्म दायाँ ४० मि
- तार्के चौर खोला देखी रानाकोट सम्म ३० मि दाँया बाँया ।
- रानाकोट बाट रातामाटको डाँडा सम्म दायाँ बायाँ २० मि
- लयाला गैरा देखी भोरा बिसौने ठाटी  सम्म बायाँ ४० मि
- डाँडा बिसौने देखी भीर माथि सम्म दाँया बायाँ २० मि.
- लाटा ओखर खोला देखी पुल सम्म १५ मि दाँयाबायाँ
- माथि उल्लेखित मापदण्डमा नपरेका हाल आवासको रुपमा प्रयोग भएका क्षेत्रलाई आवासीय क्षेत्रमा नै बर्गीकरण गर्ने ।

(३) व्यावसायिक क्षेत्रः-

- इङ्ग्रा चौर देखि दह जाने गोरेटो बाटोको सम्म दायाँ बायाँ ४० मिटर सम्म,माथिल्लो कट्टुर ।

(४)औद्योगिक क्षेत्रः- छैन ।

(५) खानी तथा खनिज क्षेत्रः-

- स्याल्ना मुल्साम देवल ढुंगा खानी,हस्ते खोला ढुंगा खानी,अल्लेरी खोला ढुंगा खानी,डुग्री खोला ढुंगा खानी,बाघखोर ढुंगा खानी,कुरीगोठ,बाघखोर रुम्सिल ढुंगा खानी,बुढागाई खोरिया ढुंगा खानी,भुइँसी ढुंगा खानी, पहाडा मुलसाम ढुंगा खानी क्षेत्र,टौला बजाउना ढुंगा खानी क्षेत्र, गोठा कुर्याली ढुंगा खानी क्षेत्र ।

(६) वन क्षेत्रः-

- वडा नं.३ भित्र पर्ने सम्पुर्ण सरकारी तथा सामुदायीक वन क्षेत्रहरुलाई वन क्षेत्रमा बर्गीकरण गर्ने।

मोहन प्रकाश गिरी
प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner

(७) नदी,खोला,ताल,सिमसार क्षेत्रः-

- मुल्साम खोला,शाहीकुरी खोला,धुन खोला,नुवाभेरी खोला,गाग्रा खोला,धौला खोला,मुल्साम दह तालले चर्चेको क्षेत्रहरु।

(९) सार्वजनिक उपयोगको क्षेत्रः-

- शान्ती प्रा.वि बुढागाउँ,रानाकोट बाल विकास पछेउरी,दिपेन्द्र मा.वि-पहाडा मुल्साम,सामुदायिक स्वास्थ्य केन्द्र रुम्सिल,नेशनल सामुदायिक बाल विकास केन्द्र पहाड मुल्साम,जनप्रिय प्रा.वि स्याला,समाधि स्थलहरुले चर्चेका जग्गाहरु ।

(९) सांस्कृतिक तथा पुरातात्विक महत्वका क्षेत्रः-

- ठाकुर जी,खोल्या थान,मछाल देबता थान,मष्टा देवता,काल्ना रुम्सिल,भुयर धुम्सरा थान,रात भयार,सती समारा थान,पिर्ता मन्दिर,ब्राह देवता लागान मन्दिर,समधारा पार्टिको थान,तौला बजाउने,रुम्सिल नौलो मन्दिर,भन्काल थान रुम्सिल,खोल्या थान रुम्सिल, खोल्या थान,पिर्ता थान,रुम्सल फुटासिली देवता थान,कालिका मन्दिर बुढा गाउँ,नौलो वराहा,शाहीकुरी ठाकुर जी तीर्थ स्थाल चर्चेका जग्गाहरु ।

(१०) नेपाल सरकार बाट आवश्यकता अनुसार तोकिएको क्षेत्रः- छैन ।

## वडा नं:४

(१) कृषि क्षेत्र

- आवासीय र ब्यावसायीक क्षेत्र बाहेक बाँकी सबै जग्गा लाई कृषि क्षेत्रमा वर्गीकरण गर्ने ।

(२)आवासीय क्षेत्रः-

- काले ओखर देखि टेक बहादुर बस्नेतको घरसम्म दायाँ ४० मिटर र बायाँ ४५ मिटर
- टेक बहादुर बस्नेतको घरदेखि खोल्से ओखर सम्म दायाँ ३० मिटर र बायाँ २० मिटर
- गैरी देखि ठाडो बाटो सम्म दायाँ ४० मिटर र बायाँ ४० मिटर
- पिङलाउने रुख देखि सेरा चौर सम्म दायाँ बायाँ ५० मिटर
- भागा चौर देखि गाई मारेको खोला सम्म दायाँ बायाँ २० मिटर
- गाई मारेको खोला देखि सानी खोलि सम्म दायाँ बायाँ २० मिटर
- कालिमाटी देखि ठाडो बाटो सम्म दायाँ बायाँ २० मिटर

मोहन प्रकाश गिरी
प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner

- सानी खोली देखि नवराज सिंहको घर सम्म दायाँ २० मिटर
- गाउँ कुँवा देखि बाटारुम्टा सम्म दायाँ बायाँ ७० मिटर
- बाटारुम्टा देखि मौरी भीर खोला सम्म दायाँ बायाँ २० मिटर
- छहरी खोला देखि डाँडा घर सम्म दायाँ ७० मिटर र बायाँ २० मिटर
- थ्याङ्री फाल्ने देखि बिसा सम्म दायाँ बायाँ २० मिटर
- कोलाया देखि बुदारा सम्म दायाँ बायाँ ७० मिटर
- फरी कालना देखि पोरी वन सम्म बायाँ १३० मिटर
- माइ देवता थान देखि धुपी चौर सम्म दायाँ ११५ मिटर
- चौरेली घर देखि नौमुली खोला सम्म दायाँ बायाँ ४० मिटर
- ठाँटी देखि परी डाँडा सम्म दायाँ बायाँ ५० मिटर
- गाई मरेको खोला देखि ढोलीको घर सम्म दायाँ बायाँ ३० मिटर
- नौला धारा देखि कटुवालको घर सम्म दायाँ बायाँ ३० मिटर
- माथि उल्लेखित मापदण्डमा नपरेका हाल आवासको रुपमा प्रयोग भएका क्षेत्रलाई आवासीय क्षेत्रमा नै बर्गीकरण गर्ने ।

(३)व्यावसायिक क्षेत्रः-

- डुम्रे टकुरी देखि फेदी खोला सम्म दायाँ बायाँ २० मिटर
- दह पुल देखि पैया डाँडा सम्म दायाँ बायाँ २० मिटर
- वाहुन खोला देखि भागा चौर सम्म दायाँ बायाँ ३० मिटर
- पाटीखोर देखि सिल ढुंगा सम्म दायाँ बायाँ २० मिटर
- धुपी चौर देखि काठ खोला सम्म दायाँ बायाँ ४० मिटर

(४)औद्योगिक क्षेत्रः- छैन ।

(५) खानी तथा खनिज क्षेत्रः- छैन ।

(६)वन क्षेत्रः-

- वडा नं.४ भित्र पर्ने सम्पुर्ण सरकारी तथा सामुदायीक वन क्षेत्रहरुलाई वन क्षेत्रमा वर्गीकरण गर्ने।

(७)नदी,खोला,ताल,सिमसार क्षेत्रः-

मोहन प्रकाश गिरी
प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner

- दह खोला,चरी खोला,बुदारा खोला,पथरा खोला, ,नौमुले खोला,घोर्सिला खोला,फेदी खोला,स्याल खोला, ।

(८) सार्वजनिक उपयोगको क्षेत्रः-

- समाधी स्थल र वडा नं.४ भित्र पर्ने सम्पुर्ण सरकारी बिद्यालयहरु र स्वास्थ्य संस्थाहरुले चर्चेका जग्गाहरु ।

(९) सांस्कृतिक तथा पुरातात्विक महत्वका क्षेत्रः-

- समर्की मन्दिर,महादेव मन्दिर गोठ गाउँ ।

(१०) नेपाल सरकार बाट आवश्यकता अनुसार तोकिएको क्षेत्रः- छैन ।

## वडा नं:५

(१) कृषि क्षेत्रः-

- आवासीय र ब्यावसायीक क्षेत्र बाहेक बाँकी सबै जग्गा लाई कृषि क्षेत्रमा वर्गीकरण गर्ने ।

(२) आवासीय क्षेत्रः-

- आरुगाको मेल डाँडा देखि परिलग सम्म दायाँ बायाँ ३० मिटर।
- पैरेनी ताल देखि परीलाग सम्म दायाँ बायाँ २० मिटर।
- बाबरे डाँडादेखि छहरे खोला सम्म बायाँ २० मिटर।
- नागडाँडा देखि छहरे खोला सम्म दायाँ बायाँ २० मिटर।
- छोडेगैरा देखि छहरे खोलासम्म दायाँ ३० मिटर।
- भयार थान देखि गाउँ खोला सम्म दायाँ बायाँ ३० मिटर।
- गाउँ खोला देखि डिब्रेनी धारा सम्म दायाँ बायाँ ४० मिटर।
- छहरे खोला देखि खुम्बु डाँडासम्म दायाँ बायाँ ३० मिटर।
- पुवाडाँडा देखि तलकोट ताल सम्म दायाँ बायाँ ५० मिटर
- खुम्बुडाँडा देखि पाखा गाउँ सम्म दायाँ बायाँ ३० मिटर
- कुकुरह देखि बाहुन थानसम्म दायाँ बायाँ ५० मिटर।

मोहन प्रकाश गिरी
प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner

- बडै खोला देखि साउवडा  सम्म दायाँ बायाँ ५० मिटर।
- घट्टे खोला देखि पिप्ला डाँडा सम्म बायाँ ६० मिटर।
- पिप्ला डाँडा देखि तल्लिबाडा गैरिगाउँ सम्म दायाँ बायाँ २० मिटर।
- देउली गाउँ देखि तलगाउँ सम्म दायाँ बायाँ ३० मिटर।
- कोल डाँडा देखि लाल बहादुर सार्कीको घरसम्म दायाँ बायाँ ३० मिटर।
- माथि उल्लेखित मापदण्डमा नपरेका हाल आवासको रुपमा प्रयोग भएका क्षेत्रलाई आवासीय क्षेत्रमा नै बर्गीकरण गर्ने ।

(३) व्यावसायिक क्षेत्रः-

- तलकोट ताल देखि नेटा सम्म दायाँ बायाँ ३० मि
- सिलिङ्गीचौर, घाट बजार,माईला बगर
- राताजुरा देखि बालुवा सम्म ३० मिटर,
- बढा खोला देखि कोल डाँडा सम्म दायाँ बायाँ ३० मिटर

(४)औद्योगिक क्षेत्रः- छैन ।

(५)खानी तथा खनिज क्षेत्रः-

- फलाम खानी र धाउ खानी।

(६)वन क्षेत्रः-

- वडा नं.५ भित्र पर्ने सम्पुर्ण सरकारी तथा सामुदायीक वन क्षेत्रहरुलाई बन क्षेत्रमा बर्गीकरण गर्ने।

(७) नदी,खोला,ताल,सिमसार क्षेत्रः-

- घट्टे खोला, चरे खोला,गाउँ खोला,तलकोट ताल र नलगाड खोला ।

(८) सार्वजनिक उपयोगको क्षेत्रः-

- श्री सरस्वती उच्च मा.वि., कालिका आ.वि. सिन्चौर, भगवती प्रा. वि., तोलखान ,कालिका सामुदायिक बाल विकास केन्द्र तल्लि नायकवा, जनता प्रा.वि. कागचोचा, चन्द्र ज्योति प्रा.वि ।

(९) सांस्कृतिक तथा पुरातात्विक महत्वको क्षेत्रः-

- पुन सम्बर्गी मन्दिर, कालिकाकोट मन्दिर।

(१०)नेपाल सरकारबाट आवश्यकता अनुसार तोकिएका अन्य क्षेत्रः- छैन ।

मोहन प्रकाश गिरी
प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner

## वडा नं:६

(१) कृषि क्षेत्रः-

- आवासीय र व्यावसायीक क्षेत्र बाहेक बाँकी सबै जग्गा लाई कृषि क्षेत्रमा वर्गीकरण गर्ने,

(२) आवासीय क्षेत्रः-

- पैयादडाँडा देखि छिपछिपे पानी सम्म  दायाँ बायाँ ४० मि
- आँब्रा देखि मोरेनी डाँडा सम्म  दायाँ बायाँ ५० मि
- मोरेनी डाँडा देखि सहारे खोला सम्म  दायाँ बायाँ ५० मि
- छहरे खोला देखि भैखोली सम्म  दायाँ बायाँ ४० मि
- किमिरे डाँडा देखि नौला सम्म  दायाँ बायाँ ३० मि
- नौला देखि रातमाटा सम्म  दायाँ बायाँ ३५ मि
- लकुरी देखि भयमारी सम्म  दायाँ बायाँ ४० मि
- माथि उल्लेखित मापदण्डमा नपरेका हाल आवासको रुपमा प्रयोग भएका क्षेत्रलाई आवासीय क्षेत्रमा नै वर्गीकरण गर्ने ।

(३) व्यावसायिक क्षेत्रः-

- वडा नं. ६ को कार्यालय देखि राधेनी सम्म दायाँ दायाँ ४० मि
- वडा नं. ६ को कार्यालय देखि लुकुरी सम्म दायाँ बायाँ ४०मि

(४) औद्योगिक क्षेत्रः- छैन ।

(४) खानी तथा खनिज  क्षेत्रः

- धाईरा ढुंगा खानी,निम्री ढुंगा खानी घर्तिगाउँ,जर्ना लेख धुमा (ढुंगा खानी)ले चर्चेको क्षेत्र ।
- (६) वन क्षेत्रः-

वडा नं.६ भित्र पर्ने सम्पुर्ण सरकारी तथा सामुदायीक वन क्षेत्रहरुलाई वन क्षेत्रमा वर्गीकरण गर्ने।

(७) नदी,खोला,सिमसार क्षेत्रः-

- धानी खोला,साउने खोला,बोसमारे खोला,मुला खोला, नाग खोला,मैतलोट्या खोल्या, धनी खोला,धुपा खोला,नौमुली खोला,ओग्ला खोला ।

मोहन प्रकाश गिरी
प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner

(८) सार्वजनिक उपयोगको क्षेत्रः-

- सीता मा.वि कार्कीज्युला,देउती वज्यै प्रा.वि तासी,नौमुली आ.वि तासी,आधारभुत स्वास्थ्य चौकी घर्तिगाउँ,आदर्श वाल विकास,देउराली प्रा.वि सिम्खडा,सरस्वती आ.वि हरुले चर्चेका जग्गाहरु ।

(९) सांस्कृतिक तथा पुरातात्विक महत्वका क्षेत्रः-

पोग्रा रखी  सुवाकोटी मन्दिर,रखी मारी रखी सुवाकोटी मन्दिर,लामकाने मारी देवता थान,पिर्ता देवता मन्दिर,खोले देवता मन्दिर,तल्ली पाखा भयार थान मन्दिर हरुले चर्चेको जग्गाहरु ।

(१०) नेपाल सरकारबाट आवश्यकता अनुसार तोकिएका अन्य क्षेत्रः-छैन ।

## वडा नंः७

(१) कृषि क्षेत्रः-

- आवासीय र ब्यावसायीक क्षेत्र बाहेक बाँकी सबै जग्गा लाई कृषि क्षेत्रमा वर्गीकरण गर्ने,

(२)आवासीय क्षेत्रः-

- खीरा देखि डाँडा माथि सम्म दायाँ बायाँ २० मिटर
- चौपाटी देखि आईलेनी  खोला सम्म दायाँ बायाँ ४० मिटर
- सुवाकोट टोल भयरा थान देखि धारा सम्म दायाँ बायाँ ३० मिटर
- धारा खोला देखि लाटी गाढया खोला सम्म २० मिटर
- माथिल्लो लाटीघारे देखि गैरा नौला सम्म दायाँ बायाँ २० मिटर
- पैरेटा देखि लवी चन्दको घर सम्म दायाँ बायाँ ४० मिटर
- कोट माथिबाट ध्वज हाल्ने थान सम्म दायाँ बायाँ ४० मिटर
- हपालना वादीखान देखि दार्दा सम्म दायाँ बायाँ ३० मिटर
- दार्दा देखि काडाँपानी सम्म बायाँ २५ मिटर
- तल्लो काडाँपानी देखि शाहचौर सम्म दायाँ बायाँ ४० मिटर
- जुम्ल्या खालो देखि पैरेटा सम्म दायाँ बायाँ ५० मिटर
- पुरान धारा देखि पोखेउना सम्म दायाँ बायाँ ३० मिटर
- सुन खोला देखि बुकेकोरी सम्म दायाँ बायाँ ३० मिटर
- गरागली देखि दौलत्य खोलासम्म दायाँ बायाँ ३० मिटर
- दौलत्य देखि धनारा सम्म दायाँ बायाँ ३० मिटर

मोहन प्रकाश गिरी
प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner

- कुरी गैरा देखि सिमतारा सम्म दायाँ बायाँ ४० मिटर
- गोमा गाउँ कोल देखि गोमाधा सम्म दायाँ बायाँ ४० मिटर
- कोल देखि माझँ गाउँ स्यालना सम्म दायाँ बायाँ ४० मिटर गोमागाउँ
- माथि उल्लेखित मापदण्डमा नपरेका हाल आवासको रुपमा प्रयोग भएका क्षेत्रलाई आवासीय क्षेत्रमा नै बर्गीकरण गर्ने ।

(३) व्यावसायिक क्षेत्रः-

- मरुवा खोला देखि ठाँटी सम्म बायाँ ४० मिटर
- ठाँटी देखि मेलैदारी सम्म दायाँ बायाँ ४० मिटर
- वडा नं. ७ कार्यालय रहेको क्षेत्र ।

(४) औद्योगिक क्षेत्रः- छैन ।

(५) खानी तथा खनिज क्षेत्रः-

- खरीखानी,प्याल पाती खरीखानी,सिलेटे ढुंगा,ढुंगाखानी डाउने,ढुंगाखानी कुनावगर,ढुंगाखानी पुल्टे पारा ।

(६) वन क्षेत्रः-

वडा नं.७ भित्र पर्ने सम्पुर्ण सरकारी तथा सामुदायीक वन क्षेत्रहरुलाई बन क्षेत्रमा बर्गीकरण गर्ने ।

(७) नदी,खोला,ताल,सिमसार क्षेत्रः-

- कुवा खोला,पैरेटा खोला,ऐरेनी खोला,खोला,घट्टे खोला,पनिधारा खोला,धुधचरे खोला,गरागली खोला,सिमतारा खोला,घट्टे खोला,सुन खोला,खानी खोला,माझमेरी खोला,गुइचो खोला,साहारा खोला,वेउलीगरे खोला,कठुरे खोला,सितुसिघा खोलाहरु ।

(८) सार्वजनिक उपयोगको क्षेत्रः-

- हरिहर आ.वि सुवाकोट,जन विकास आ.वि स्याला,सीता मा.वि गराग्लचौर,वाल प्रा.वि माँझ गाउँ,राधा प्रा.वि सिमतारा,महेश्वरी बाल विकास गोमा गाउँ,सामुदायिक स्वास्थ्य पतिहाल्ना र समाधी स्थलहरुले चर्चेको क्षेत्र ।

(९) सांस्कृतिक तथा पुरातात्विक महत्वका क्षेत्रः-

- सुवाकोटःसुवाकोटी देवता मन्दिर,शिव मन्दिर,लाम्काने देवता मन्दिर,वराहा देवता मन्दिर,स्यालाःसुवाकोटी देवता मन्दिर,नाउली वराहा मन्दिर,वरापानी,लुहागःपिन्लेखी मन्दिर,भारढुङ्गे मन्दिर,ढुङ्गेश्वरी मन्दिर,गोमधाम वराहा मन्दिर,चित्रलेखी देवता मन्दिर,भयर देवता पोट्काःमष्टा

मोहन प्रकाश गिरी
प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner

मन्दिर,कालो वराहा मन्दिर,नायकोटी वराहा देवता,चुच्चिको वराहा देवता मन्दिर,विस्टेपानी तीर्थ,फुलबारी धार्मिक स्थल,सुवाकोट फुलबारी,खोले देवता स्थान,ओलीको पिर्ता पाइना,रोपाचेरी मन्दिर,भयर मन्दिर,नैरेनी देवता मन्दिरहरुले चर्चेका जग्गाहरु ।

(१०)नेपाल सरकारबाट आवश्यकता अनुसार तोकिएका अन्य क्षेत्रः-छैन ।

## वडा नं:८

(१) कृषि क्षेत्रः-

- आवासीय र व्यवसायीक क्षेत्र बाहेक बाँकी सबै जग्गा लाई कृषि क्षेत्रमा वर्गीकरण गर्ने,

(२)आवासीय क्षेत्रः-

- यस वडामा हाल आवासको रुपमा प्रयोग गरिएको जग्गाहरुलाई आवासीय क्षेत्रमा नै बर्गीकरण गर्ने।

(३)व्यावसायिक क्षेत्रः-

- वर्मा डाँडा देखि बाँङखारा सम्म दायाँ बायाँ २० मिटर
- धन्चेरा देखि जुम मेलाको ठाँटी सम्म २० मिटर
- नाथी बारे खोला देखि काल्चे खोला दायाँ बायाँ २० मिटर
- कुनै धारी देखि पालतापानी सम्म दायाँ बायाँ २५ मिटर
- खारे ओढार देखि गौथली ओढार सम्म २५ मिटर बायाँ
- चुच्चे टाकुरा देखि रिङ्गेपानी सम्म दायाँ बायाँ २० मिटर
- माझ गाउँ लैखुम र पन्ना देखि साउन्ने खोला सम्म दायाँ बायाँ २० मिटर

(४) औद्योगिक क्षेत्रः- छैन ।

(५)खानी तथा खनिज क्षेत्रः-

ढुङ्गाखानी फुल्लेख्य,ढुङ्गाखानी भरगाउँ क्षेत्र ।

(६) वन क्षेत्रः-

वडा नं.८ भित्र पर्ने सम्पुर्ण सरकारी तथा सामुदायीक वन क्षेत्रहरुलाई बन क्षेत्रमा बर्गीकरण गर्ने ।

(७)नदी,खोला,ताल, सिमसार क्षेत्रः-

मरली खोला,खोप्री खोला,माझ खोला,सानीगाढ खोला सेपुखोला,छिरि खोला,ढाडे खोला,धुँल्छरा खोलाहरुले चर्चेका क्षेत्र ।

मोहन प्रकाश गिरी
प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner

**(८) सांस्कृतिक तथा पुरातात्विक महत्वका क्षेत्र:-**

कोटली माडी मन्दिर,सुन खाप्राबराहा मन्दिर,मष्टा मारी मन्दिर,मष्टा बोटारी मन्दिर,शिव मन्दिर,शिव मन्दिर,शिव मन्दिर,कालिका मन्दिर,केदारु वर्मा,भनकाल टिमुर पाटा,बराहा मन्दिरहरुले चर्चेका जग्गाहरु।

**(९) सार्वजनिक उपयोगको क्षेत्र:-**

भगवती आ.वि.लैखम,देउती बाल प्रा.वि.लैखम, माझ गाउँ,सामुदायिक स्वास्थ्य एकाई लैखम,विश्व आ.वि.सेपुखोला,पशु सेवा केन्द्र सेपुखोला,जुगेन बाल विकास, स्वास्थ्य चौकी सेपुखोला, मालुवा टारा हेलिप्याड ,कृष्ण प्रा.वि. चुटेपल्टी,संखर आ.वि.,धनु प्रा.वि.कोल्लेनीले चर्चेका जग्गाहरु ।

**(१०)नेपाल सरकारबाट आवश्यकता अनुसार तोकिएका अन्य क्षेत्र:- छैन ।**

## वडा नं:९

**(१) कृषि क्षेत्र:-**

- आवासीय क्षेत्र बर्गीकरण गरि बाँकी रहेको जग्गा लाई कृषि क्षेत्रमा बर्गीकरण गर्ने,

**(२) आवासीय क्षेत्र:-**

- यस वडामा हाल आवासको रुपमा प्रयोग गरिएको जग्गाहरुलाई आवासीय क्षेत्रमा नै बर्गीकरण गर्ने।

**(३) व्यावसायीक क्षेत्र:- छैन ।**

**(४) औद्योगिक क्षेत्र:- छैन ।**

**(५)खानी तथा खनिज क्षेत्र:- छैन ।**

**(६)वन क्षेत्र:-**

वडा नं.९ भित्र पर्ने सम्पुर्ण सरकारी तथा सामुदायीक वन क्षेत्रहरुलाई वन क्षेत्रमा वर्गीकरण गर्ने ।

**(७)नदी,खोला,ताल,सिमसार क्षेत्र:-**

लोग्ने खोला, साक्ला घाट्टे खोला, धनी खोला, खरी खोला, वाघ खोला, झ्याउ खोला, टुना खोला, सुवा खोला ।

मोहन प्रकाश गिरी
प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner

(८) सार्वजनिक उपयोगको क्षेत्रः-

पूर्ण ज्योति प्रा.वि,बाल कल्याण प्रा.वि लुहाधारा, हिमालय नवदेव प्रा.वि.कासीले चर्चेका जग्गाहरु।

(९) सांस्कृतिक तथा पुरातात्विक महत्वका क्षेत्रः-

सुवाकोटी देवता थानले चर्चेको जग्गा ।

(१०)नेपाल सरकारबाट आवश्यकता अनुसार तोकिएका अन्य क्षेत्रः- छैन ।

आज्ञाले

मोहन प्रकाश गिरी

प्रमुख प्रशासकीय अधिकृत

मोहन प्रकाश गिरी

प्रमुख प्रशासकीय अधिकृत

बारेकोट गाउँपालिका भू-उपयोग क्षेत्र वर्गीकरण सम्बन्धी मापदण्ड कार्यान्वयन सम्बन्धी कार्यविधि २०८१

Scanned with CamScanner